हुलाक मञ्जुषा २१२५, ६० न्यूप्लाजा मार्ग, पुतलीसडक, काठमाडौं, नेपाल
फोन: ४२९७४१ • फ्याक्स: ०१-४१९६१०
P. O. Box 2125, 60 New Plaza Marga, Putalisadak, Kathmandu, Nepal
Tel: 429741 • Fax: 00977-1-419610 • E-mail: wafed@ntc.net.np

जल तथा उर्जा
उपभोक्ता महासंघ-नेपाल
Water & Energy Users' Federation-Nepal

# मेलम्ची खानेपानी आयोजनाविरुद्ध स्थानीय बासिन्दाद्वारा अख्तियारमा उजुरी दर्ता

२०६२ साउन १४ (२९ जुलाइ २००५)

*प्रेस विज्ञप्ति*

केही दिन यता छापा तथा सञ्चारमाध्यमहरुमा प्रमुखता पाउँदै आएको विवादास्पद मेलम्ची खानेपानी आयोजनाले आफ्नो घर जग्गा अधिग्रहण गरेको वर्षौं भइसक्दा अहिलेसम्म मुआब्जा तथा क्षतिपूर्ति पाउन नसकेको भन्दै आयोजनाबाट भएको भेदभावपूर्ण व्यवहारका बारेमा आज एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो। मेलम्ची खानेपानी आयोजनामा किन अझै पनि मुआब्जा, क्षतिपूर्ती र पुनर्वासको समस्या ? विषयक सो जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपालले आयोजना गरेको थियो।  कार्यक्रममा आयोजनाबाट प्रभावित काभ्रेपलाञ्चोक तथा सिन्धुपाल्चोकका स्थानीय प्रभावित क्षेत्रका बासिन्दाहरुको उल्लेख्य सहभागिता रहेको थियो।

काभ्रे, गैरीबिसौना-३ की ७० वर्षीय देवकुमारी शाह आफ्नो घर सडक निर्माणको क्रममा अधिग्रहणमा परेको आयोजनाबाट कुनै किसिमको मुआब्जा तथा क्षतिपूर्ति पाउन नसकेको दु:खेसो पो। परिवारमा अरु कोही सदस्य नभएको र एक्लो जीवन बिताइ रहेकी ती वृद्धाले यदि आयोजनाबाट आफ्नो घरजग्गाको क्षतिपूर्ती नपाउने हो भने आफु आयोजनाको गाडीमुनि कुल्चेर मर्ने कुरा बताइन। यसैगरी गैरिबिसौना-५ कै रामबहादुर कोइरालाले विगतदेखि आफ्नो समस्याका बारेमा सम्बन्धित निकायलाई पटक पटक लिखित तथा मौखिक रुपमा ध्यानाकर्षण गराउँदा पनि सम्बन्धित निकायबाट कुनै सुनुवाइ हुन नसकेपछि आफुहरु बाध्य भएर अब कानुनी लडाईं लड्ने कुरा बताउनु भयो। आयोजनाले आफुमाथि गरेको भेदभावको विरुद्ध अब सर्वोच्च अदालतदेखि एसियाली विकास बैंकको मुख्यालयमा समेत उजुरी दिने कुरा उहाँले बताउनु भयो।

आयोजनाले आयोजनाबाट प्रभावित काभ्रेपलाञ्चोक जिल्लाका गाविसहरुमा सामाजिक उत्थान कार्यक्रम लागू नगरेको भन्दै मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्र अनुगमन समितिका संयोजक योगनाथ डोटेले आयोजनाले तल्लो तटीय क्षेत्रमा पर्ने प्रभावित क्षेत्रहरुमा पनि सामाजिक उत्थान कार्यक्रम लागू गर्नु पर्ने, सिन्धुपाल्चोकको मेलम्ची पुलबजारबाट नभइ काभ्रेको जिरोकिलोबाट आयोजनाले जिरो किलो निर्धारण गर्नुपर्ने, आयोजनाको अधिग्रहणमा परेका स्थानीय बासिन्दाको घर जग्गाको न्यायोचित तथा चलनचल्तीमा भएको दरभाउमा क्षतिपूर्ति तथा मुआब्जा दिनुपर्ने कुरा बताउनु भयो।

आयोजनाले स्थानीय माँझी-दनुवारहरुमाथि झन बढी भेदभाव तथा बेवास्ता गरेको भन्दै स्थानीय सानु खडकबहादुर माझीले आयोजनाले माझी तथा दनुवार जातिको हितमा कुनै कार्यक्रम ल्याउन नसके आयोजनाका कुनै पनि गाडी आफ्नो जग्गामा बनेको सडकमा गुड्न नदिने तथा त्यसकालागि आफु आयोजनाले दिएको नाममात्रको जागिर छोड्नसमेत तयार रहेको कुरा बताउनु भयो।

कार्यक्रम आयोजक संस्था जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपालका संयोजक गोपाल सिवाकोटी चिन्तनले आयोजनामा लगानी रहेको प्रमुख दाता एसियाली विकास बैंकको पुनर्वास नीति अनुरुप विस्थापितहरुलाई क्षतिपूर्ति तथा रोजगारीको व्यवस्था हुनुपर्ने, भ्रष्टचारको जालोमा जकडिएको मेलम्ची आइहाले पनि काठमाडौंबासीले पानीको मूल्य तिर्नसक्ने किसिमले आउनु पर्ने कुरामा जोड दिनुभयो। मुआब्जा तथा क्षतिपूर्ति वितरणमा भइरहेको भेदभावका सन्दर्भमा आफुहरुले यस कुरालाई राष्ट्रिय स्तरमा बहस तथा छलफलको विषय बनाउने र यस सम्बन्धमा श्री ५ को सरकारका वैधानिक निकायमा समेत उजुरी दिने कुरा उहाँले बताउनु भयो। यसैबीच मेलम्ची खानेपानी आयोजनामा भएको भ्रष्टाचारमाथि अविलम्ब छानबिनको माग राखि ३५ जना स्थानीय बासिन्दाद्वारा हस्ताक्षरित एक उजुरीपत्र अख्तियार दुरुपयोग अनुसन्धानमा आजै दर्ता गरिएकोछ।